# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| खण्डः १ | संख्याः ४५ | मितिः २०७८/०३/२४ |


## भाग-२

### भरतपुर महानगरपालिकाको नारायणी नदीमा जल यातायात सञ्चालन कार्यविधि, २०७७

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

## भरतपुर महानगरपालिकाको

## नारायणी नदीमा जल यातायात सञ्चालन कार्यविधि, २०७७

प्रमाणिकरण मिति २०७८/०३/२३

**प्रस्तावना :**

भरतपुर महानगरपालिका क्षेत्र भित्र आफ्नो सीमाना भएर बग्ने नारायणी नदीमा जल यातायात सञ्चालन, व्यवस्थापन लगायतका कार्य गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(१) बमोजिम भरतपुर महानगरपालिकाद्धारा यो कार्यविधि पारित गरी लागू गरिएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "नारायणी नदिमा जल यातायात सञ्चालन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **यो कार्यविधिको क्षेत्रः** भरतपुर महानगरपालिकाको सीमाना उत्तरपूर्वमा कालीखोला देखि पश्चिममा गोलाघाट सम्मको नारायणी नदि क्षेत्रको दुवै तर्फ रहने छ ।यसमा सीमाना जोडिएका गैडाकोट नगरपालिका, देवचुली नगरपालिका, कावासोती नगरपालिका, देवघाट गाउँगालिका लगायतका स्थानीय तहसँग समेत आपसी समन्वय गरिने छ।भरतपुर महानगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र कार्यपालिका बैठकबाट पारित गरी कार्य आरम्भ गर्नेछ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क) " महानगरपालिका " भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ ।

ख)" कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ।

ग) "कार्यालय" भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यापालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

घ) " प्रमुख " भन्नाले भरतपुर महानगरपालिकको प्रमुखलाई सम्झनु पर्छ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

च) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्नेछ ।

छ) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले जलयातायात सञ्चालन गर्न सम्बन्धीत मन्त्रालयबाट ईजाजत प्राप्त तथा भरतपुर महानगरपालिकाबाट अनुमति प्राप्त व्यक्ति वा कम्पनीलाई सम्झनुपर्छ ।

ज) "सेवा शुल्क" भन्नाले अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले उपलव्ध गराएको सेवा उपयोग गरे वापत बुझाउनु पर्ने शुल्क सम्झनुपर्दछ ।

झ) "दस्तुर" भन्नाले व्यवसाय दर्ता, नविकरण, बिलम्ब र नक्कल प्राप्त गर्न भरतपुर महानगरपालिकालाई बुझाउनु पर्ने दस्तुर भन्ने बुझिन्छ ।

## परिच्छेद - २

### उद्देश्य र क्षेत्र

**४. यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।**

(क) महानगरपालिकाको सीमानामा रहेको नारायणी नदिमा अव्यवस्थित तरिकाले सञ्चालनमा रहेका जलयातायात (नदीमा चल्ने डुङ्गा लगायत मोटर तथा इन्जिन जडित साधन) लाई थप व्यवस्थित गराई सञ्चालन अनुमति दिने ।

(ख) जलयातायात सञ्चालन सम्बन्धि नियमन तथा राजश्व संकलन गर्ने ।

(ग) जलयात्रा गर्ने यात्रुको सुरक्षा गर्न लगाउने ।

(घ) जलयात्रा गर्ने यात्रु तथा जल यातायात सञ्चालन गर्ने अन्य व्यक्तिहरुको दुर्घटना विमाको व्यवस्था गर्न लगाउने ।

**५. कार्यक्षेत्रः** यस कार्यविधिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछ ।

(क) भरतपुर महानगरपालिकाको उत्तरपूर्व सीमाना कालीखोला देखि पश्चिम गैडाकोट नगरपालिकाको सीमाना हुदै गोलाघाट सम्मको महानगर तर्फको नारायणी नदिको क्षेत्र यस कार्यविधिको कार्यक्षेत्र भित्र जलयातायात सञ्चालन कार्यका लागि क्षेत्र मानीने छ ।

परिच्छेद - ३

**६. इजाजत/अनुमति सम्बन्धि व्यवस्थाः**

क)अनुमति नलिई जलयात्रा व्यवसाय सञ्चालन गर्न नहुनेः- यस कार्यविधि बमोजिम इजाजत नलिई कसैले पनि जलयातायात व्यवसाय सञ्चालन गर्न हुदैन ।

ख) अनुमतिको लागि दरखास्त दिनु पर्नेः- जलयातायात व्यवस्थापन सञ्चालन सञ्चालकहरुले अनुसूचि(१) बमोजिमको ढाँचामा भरतपुर महानगरपालिकको प्रमुख समक्ष दरखास्त दिनुपर्नेछ ।

ग) महानगरपालिका प्रमुख समक्ष पर्न आएका दरखास्त छानवीन समितिको वैठकबाट छानविन गरी अनुसूचि (२) को ढाँचामा अनुमति प्रदान गरिने छ ।

घ) जल यातायात व्यवसाय सञ्चालन गर्दा यस कार्यविधिले तोके बमोजिमका सुरक्षात्मक उपाय अपनाउनु पर्नेछ ।

(ङ) यस कार्यविधि लागू हुँदाका बखत सञ्चालन रहेका न्यूनतम मापदण्ड पुरा भएका मोटरबोट कम्पनीहरुलाई बढीमा ३ (तीन) महिनाको समय अवधि दिई आवश्यक प्रकृया पुरा गर्न वडा कार्यालयको सिफारिस समेतको आधारमा एकपटकका लागि अवसर प्रदान गरिनेछ ।उक्त अवधिमा समेत संघिय सरकारबाट तोकिएका मापदण्ड पुरा गरी इजाजत नलिएमा उक्त व्यवसायहरु स्वतह हटाइनेछ । सबै कम्पनीहरुले यसै कार्यविधिमा तोकिए बमोजिम सेवा शुल्क तथा मनोरञ्जन कर बुझाउनु पर्नेछ ।

च) वडा.नं १ नारायणी नदीको किनार अर्न्तगत मोटरबोट सञ्चालन गर्दा तामेढुङ्गा भन्दा मुनीवाट जेटवोट संचालन गर्नुपर्नेछ ।

च) सञ्चालनका लागि स्थान उपलव्ध गराउदा ईजाजत प्राप्त कम्पनीलाइ पहिलो प्राथमिकता दिइ स्टेशनका लागि स्थान उपलव्ध गराइनेछ ।

परिच्छेद-४

**७. इजाजत/अनुमति-पत्र नविकरण गर्ने :**

यो कार्यविधि वमोजिम जलयातायातका लागि दिइएका अनुमति-पत्र आर्थिक वर्षको अन्तिम सम्म नविकरण गर्नु पर्नेछ । म्याद समाप्त भएपछी नविकरण गराउँदा थप दस्तुर लाग्नेछ ।अनुमतिपत्रको नविकरण गराउँदा अनुसूची-५ वमोजिम दस्तुर लाग्नेछ ।

प्रमुख

## परिच्छेद - ५

८. सुरक्षा सम्बन्धी व्यवस्थाः

क. जल यातायात सञ्चालनका लागि आवश्यक न्यूनतम सुरक्षाको व्यवस्था सम्बन्धित सञ्चालकले गर्नुपर्नेछ ।न्यूनतम सुरक्षात्मक उपकरणहरु अनुसूची-३ मा व्यवस्था भए बमोजिम हुनेछ ।

ख. यात्राको क्रममा कुनै दुर्घटना भई घाईते, अङ्गभङ्ग वा मृत्यु भएमा, घाईतेको उपचार र मृतकको विमा वापतको रकम सञ्चालकले उपलब्ध गराउनु पर्नेछ ।विमा सम्बन्धी व्यवस्था अनुसूची (४) मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

ग. सुरक्षीत र प्रचलित कानून बमोजिम मापदण्ड पुगेको डुङ्गा, बोर्ट वा वाटर मोटरवोट मात्र प्रयोग गर्न पाइनेछ ।

घ. मेशिनरी वा म्यानुअल बोट चालकको बोट चलाउने अनुमति वा लाइसेन्स अनिवार्य रुपमा हुनुपर्नेछ ।

ङ. यात्रु वा सेवाग्राही वा ग्राहकको सुरक्षा प्रवन्धगर्न लाइफ ज्याकेट, हेलमेट,वाटर ट्यूव आदिको व्यवस्था हुनुपर्नेछ ।

च. कुनै दुर्घटना घटेमा उद्धारको लागि रेस्क्यू टिमको व्यवस्था हुनु पर्नेछ ।

## परिच्छेद - ६

९. अनुमति पत्र खारेज गर्न सकिने व्यवस्था :

१) अनुमति पत्र प्राप्त व्यक्ति वा कम्पनीले यो कार्यविधिमा उल्लेखित प्रावधान अनुसार संचालन नभएका व्यक्ति/कम्पनी वा फर्महरुको इजाजत कुनै पनि समय सम्बन्धीत निकायले रद्द गर्न सक्ने छ । यस कार्यविधि विपरीत कुनै काम गरेमा उपबुँदा (१२) वमोजिम गठित समितिले अवधि तोकी त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

२) उपबुँदा (१) वमोजिम तोकिएको अवधिभित्र अनुमतिप्राप्त व्यक्ति वा कम्पनीले आवश्यक सुधार नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

३) उपबुँदा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थालाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

## परिच्छेद- ७

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**१०. सजाय सम्बन्धी व्यवस्था :**

१) प्रचलित कानून र यस कार्यविधिमा उल्लेख भए बमोजिम नियम उल्लंघन गरेमा निजलाई स्थानीय अनुगमन समितिको निर्णयमा नगर कार्यपालिकाले वढीमा वीस हजार सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसुरबाट कसैंको हानी नोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानी नोक्सानी वापतको क्षतिपूर्ति सञ्चालकको जायजेथाबाट भराई दिन सक्नेछ ।

२) यस कार्यविधि वमोजिम अनुमतिपत्र लिनु पर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलयातायात सम्बन्धी व्यवसाय सञ्चालन गरेमा अनुगमन समितिको निर्णयमा नगर कार्यपालिकाले पहिलोपटक २० हजार रुपैया सम्म जरिवाना गर्न र दोश्रो पटकको लागि ५०हजार जरिवाना लिन सक्नेछ ।

३) कसैले वदनियतसाथ कुनै स्थानीय संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, विगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानी नोक्सानीको विगो असुलगरी निजलाई विगो वमोजिम जरिवाना गराई वा नियमानुसार कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्ने ।

४) सेवा रोक्न सक्ने : सेवा उपभोग गरे वापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा अनुगमन समितिको निर्णयमा महानगरपालिकाले त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।

## परिच्छेद-८

**११. पूर्वाधार उपयोग सेवा/मनोरञ्जन शुल्क/धरौटी सम्बन्धि व्यवस्था :**

१.यस कार्यविधि बमोजिम जल यातायात सञ्चालन सम्बन्धमा अनुमति दिदा उठ्न आएको पूर्वाधार उपयोग शुल्क एवं सेवा शुल्क वापतको राजस्व रकम महानगरपालिकाको सर्वसञ्चित कोषमा दाखिला गरिनेछ ।

२. सेवा शुल्क सम्बन्धी व्यवस्था :

क) जल यातायात व्यवसाय महानागरपालिकामा दर्ता नगरी संचालन गर्न पाइने छैन

ख) जल यातायात व्यवसाय महानगरपालिकामा दर्ता गर्दा आर्थिक ऐनमा तोकिएको भए सोही वमोजिम ।

ग) नतोकिएको हकमा अनुसूची (८) मा उल्लेख भए वमोजिम हुनेछ ।

घ) जल यातायात व्यवसाय सम्बन्धमा पर्यटन शुल्क वापत २०% सम्म मनोरञ्जन कर लगाउन सकिनेछ ।

ङ) मोटरवोट सञ्चालन दुरी तथा सञ्चालन समयको आधारमा रु.२५०/- देखी रु.५००/- रुपैया सम्म टिकट दस्तुर कायम गर्न सकिनेछ ।

च) मोटरबोट सञ्चालनका लागि नारायणी नदीको किनारमा अनुसूची (६)मा उल्लेख भए वमोजिम अस्थायी रुपमा स्टेशन स्थापना गर्न नारायणी नदी किनार सञ्चालन तथा व्यवस्थापन उप-समितिको सिफारीस वमोजिम महानगरपालिकाबाट स्थान उपलव्ध गराइनेछ ।

छ) जल यातायात ब्यबसायले रकम असुल गर्ने नगदी रसिद राजस्व महाशाखावाट प्रमाणित गरि लैजानु पर्नेछ|

## परिच्छेद-९

### १२. मोटरबोट संचालन एवं संचालन हुने क्षेत्र तथा दायरा

१) भरतपुर महानगरपालिका अर्न्तगत नारायणी नदीमा मोटरबोट सञ्चालन सम्बन्धमा : सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागबाट सहमति प्राप्त, कम्पनी वा घरेलु तथा साना उद्योग कार्यालयमा समेत दर्ता भएका फर्महरुलाई स्विकृत प्रारम्भिक वातावरणीय प्रतिवेदनको आधारमा तपसिल वमोजिमको समितिबाट छानवीन गरी सञ्चालन अनुमति दिइनेछ ।

क) नगर-प्रमुख - संयोजक

ख) नगर-उप प्रमुख-सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ) कानून अधिकृत —सदस्य

ङ) राजस्व प्रमुख — सदस्य सचिव

२) मोटरबोटको स्टेशन स्थापना तथा संचालन सम्बन्धमा : सम्बन्धीत मन्त्रालयबाट ईजाजत प्राप्त गरी भरतपुर महानगरपालिकाबाट विधिवत रुपमा व्यवसाय दर्ता गरी अनुमति प्राप्त कम्पनीले महानगरपालिकाको क्षेत्राधिकार भित्र IEE स्विकृत गर्दाका बखत तोकीएको स्थानमा स्टेशन राख्नु पर्नेछ ।पूर्व अनुमति वेगर अन्यत्र स्थानीय तहको क्षेत्राधिकार एवं अन्यत्र स्थानमा स्टेशन राख्न पाइनेछैन् ।

३) राष्ट्रिय निकुञ्जका क्षेत्रमा मोटरबोट सञ्चालन गर्दा सम्बन्धित निकुञ्जको समेत अनुमति लिनुपर्नेछ ।

## परिच्छेद-१०

१३. बाधा अड्कउ फुकाउ तथा व्याख्या :

यस कार्यविधिको अन्तिम व्याख्या एवं बाधा अड्काउ फुकाउने कार्य नगर कार्यपालिकाले गर्नेछ ।

१४. परिमार्जन तथा संशोधन : यस कार्यविधिलाई आवश्यकता अनुसार भरतपुर महानगरपालिका नगर कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसूची-१

(कार्यविधिको परिच्छेद-३, बुँदा ६(ख) सँग सम्बन्धित)

अनुमतिका लागि दिईने दरखास्त ढाँचा

श्रीमान प्रमुखज्यू
भरतपुर महानगरपलिका
भरतपुर, चितवन

विषयः जल यातायात सञ्चालन अनुमति पाउँ भन्ने सम्बन्धमा ।

महोदय,

म निवेदक/सञ्चालक फर्म ........................................ ले नारायणी नदिमा जलयातायात सञ्चालन गर्नका लागि यो निवेदन गरेको छु । मैले पेश गरेका संलग्न कागजात प्रमाण र अन्य भौतिक अवस्था समेतको अनुगमन गरी जल यातायात सञ्चालन कार्यविधिले निर्धारण गरेको क्षेत्रभित्र मात्रै यातायात सञ्चालन गर्न पाउने अनुमति पाउन अनुरोध छ ।

क. कम्पनि/फर्म/व्यक्तिको पुरा नाम, थरः

ख. कम्पनि/फर्म/व्यक्तिको पुरा ठेगानाः-

ग. जल यातायात सञ्चालन गर्ने स्थानः-

घ. पुँजी

<u>संलग्न कागजपत्रहरुः</u>

क. नेपाली नागरिकता प्रमाण पत्रको फोटोकपी

ख. फर्म दर्ताको प्रमाण पत्र ।

ग. सञ्चालक फर्म/कम्पनीको आदेशानुसारको विमाको प्रकृयाका कागजात

ग. स्वघोषणा पत्र

घ. नविकरण गरेको प्रमाणपत्र ।

दरखास्तवालाको नामः
हस्ताक्षरः
मितिः-
ना.प्र.नं.-
सम्पर्क नं.

अनुसूची- २

परिच्छेद-३ को दफा ७(ग) सम्बन्धित

भरतपुर महानगरपालिका
नगर कार्यापालिकाको कार्यालय
भरतपुर, चितवन

विषयः अनुमतिको प्रमाणपत्र

श्री ..........................
............................... ।

महाशय,

तपाई ........................ फर्म/कम्पनी/ व्यक्तिलाई नारायणी नदीमा .................. किसिमका जल यातायात ......................... जल सञ्चालन गर्न ...................... कार्यविधिको दफा ................. अनुसार अनुमति प्रदान गरिएकोव छ ।

अनुमति दिने अधिकारी
नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

**द्रष्टव्यः** सम्बन्धित अनुमति माग गरिएको फर्म/कम्पनी व्यक्ति नेपाल सरकारले नियमानुसार कालो सूचीमा परेको पाइएमा अनुमति दिइने छैन । अनुमति दिईसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिने छ ।

अनुसूची- २

परिच्छेद-३ को दफा ७(ग) सम्बन्धित

भरतपुर महानगरपालिका
नगर कार्यापालिकाको कार्यालय
भरतपुर, चितवन

विषयः अनुमतिको प्रमाणपत्र

श्री ..........................
.............................. ।

महाशय,

तपाई ........................ फर्म/कम्पनी/ व्यक्तिलाई नारायणी नदीमा .................. किसिमका जल यातायात ......................... जल सञ्चालन गर्न ...................... कार्यविधिको दफा ................. अनुसार अनुमति प्रदान गरिएकोव छ ।

अनुमति दिने अधिकारी
नामः-
दर्जाः-
दस्तखतः-
मितिः-

<u>द्रष्टव्यः</u> सम्बन्धित अनुमति माग गरिएको फर्म/कम्पनी व्यक्ति नेपाल सरकारले नियमानुसार कालो सूचीमा परेको पाइएमा अनुमति दिइने छैन । अनुमति दिईसकेको भए जुनसुकै बखत अनुमति रद्द गरिने छ ।

अनुसूची- ३

परिच्छेद-४ को दफा ८(क) सम्बन्धित

**यात्रु सुरक्षाका लागि सञ्चालकले गर्नुपर्ने व्यवस्था**

क. प्रत्येक यात्रु बराबरको संख्यामा लाइफ ज्याकेट,हेलमेट,वाटर टयूव आदीको व्यवस्था हुनुपर्ने छ ।

ख. प्रत्येक यात्रु संख्या बराबरको संख्यामा हेलिमेट ।

ग. प्रत्येक बोटमा आपतकालिन सुरक्षा दिन सक्ने जनशक्तिको व्यवस्थापन ।

घ. उद्धारको लागि रेस्क्यू टिमको व्यवस्था हुनुपर्ने ।

ङ. मेशिनरी वा म्यानुअल बोट चालकको बोट चलाउने अनुमति वा लाइसेन्स अनिवार्य रुपमा हुनुपर्नेछ ।

अनुसूची- ४

परिच्छेद-४ को बुँदा ८(ख) सम्बन्धित

क) यात्रुको मृत्यु विमा कम्तिमा १०(दश) लाखको हुनुपर्नेछ ।

ख) यात्रु अंगभंङ्ग/घाइते भएमा सम्बन्धित सञ्चालक/फर्म/कम्पनी/व्यक्तिलेनै उपचार गर्नुपर्नेछ ।

ग) जल यातायात सञ्चालनको लागि आवश्यक पर्ने सूरक्षाका न्यूनतम मापदण्ड सञ्चालकले पूरा गर्नुपर्नेछ ।

अनुसूची- ५

परिच्छेद-४ को बुँदा ८(ख) सम्बन्धित

म्याद समाप्त भए पश्चात विलम्ब शुल्क

| क्र.सं | मोटरबोटको संख्या | विलम्ब शुल्क रु. |
|---|---|---|
| १ | जेट वोट संख्या १ | रु.५०००/- |
| २ | जेट वोट संख्या २ | रु.१००००/ |
| ३ | जेट वोट संख्या ३ देखि माथी | रु.२००००/- |

अनुसूची- ६

परिच्छेद ८ को बुँदा ११(२) सम्बन्धित

नारायणी नदी किनारमा सञ्चालित मोटरबोट कम्पनीहरुलाई तपसिल वमोजिमको क्षेत्रफलमा नवढने गरी स्थान उपलव्ध गराईनेछ ।

| क्र.सं | मोटरबोटको संख्या | क्षेत्रफल(मोहडा) |
|---|---|---|
| १ | जेट वोट संख्या १ | ३०फीट |
| २ | जेट वोट संख्या २ | ५०फीट |
| ३ | जेट वोट संख्या ३ देखि माथी | वढीमा ८०फीट सम्म उपलव्ध गराइने |

अनुसूची- ७

परिच्छेद ८ को बुँदा ११(२) सम्बन्धित

नारायणी नदी किनारमा सञ्चालित मोटरबोट कम्पनीहरुलाई तपसिल वमोजिमको वार्षिक व्यवसाय शुल्क

| क्र.सं | मोटरबोटको संख्या | व्यवसाय दर्ता शुल्क रु. |
|---|---|---|
| १ | जेट वोट संख्या १ | १५०००/- |
| २ | जेट वोट संख्या २ | २५०००/- |
| ३ | जेट वोट संख्या ३ | ३५०००/- |
| ४ | जेट वोट संख्या ४ | ४००००/- |
| ५ | जेट वोट संख्या ५ | ५००००/- |
| ६ | जेट वोट संख्या ६ भन्दा माथी वढीमा दश वटा सम्म | ७००००/- |